केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४४/०६६/६७ मिति : २०६७/०१/३१

**इजाजतपत्रप्राप्त "क" वर्गका बाणिज्य बैंकहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले निर्यात प्रतितपत्र (Export L/C – Pre-shipment and Post-shipment) का आधारमा निर्यातमूलक व्यवसायलाई नेपाली मुद्रामा प्रवाह गरेको कर्जाको लागि देहायको शर्त तथा मापदण्डको अधीनमा रहेर निर्यात पुनरकर्जा सुविधा (Export Refinancing Facilities) उपलब्ध गराउन सकिने व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**शर्त तथा मापदण्डहरु :**

(१) भारतीय र परिवर्त्य विदेशी मुद्रामा प्रतितपत्र कारोबारमा संलग्न रहेका इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंकहरुले गत त्रयमासको आफ्नो वित्तीय स्थिति खुलाई यस बैंकले तोकिदिएको ढाँचामा निवेदन दिई निर्यात पुनरकर्जा सुविधाको लागि आवेदन गर्न पाउने छन्।

(२) गत त्रयमासमा यस बैंकले तोकेको न्यूनतम पुँजी पर्याप्तता अनुपात (CAR) तथा पुँजी योजना अनुसारको चुक्तापुँजी पूरा नगरेका बैंकहरुलाई यस बैंकले निर्यात पुनरकर्जा सुविधा दिन इन्कार गर्न सक्नेछ।

(३) कर्जा सूचना केन्द्रबाट साख सूचना लिएको हुनुपर्ने छ।

(४) नेपाल सरकारको सम्बन्धित सरकारी निकायको स्वीकृति प्राप्त तथा प्राथमिकतामा परेका देहायका वस्तुहरुको निर्यातको लागि निर्यात पुनरकर्जा सुविधा उपयोग गर्न निम्न बमोजिम प्राथमिकताक्रम निर्धारण गरिएको छ।

(क) अलैंची, अदुवा, चिया, कफी, ह्याण्डीक्राफ्ट, जडीबुटी, मह, जुस लगायत कृषिजन्य उत्पादनहरु।
(ख) नेपाली हाते कागज, चाँदीका गहना, कम्प्युटर सफ्टवेयर, जुट।
(ग) छालाजन्य वस्तु, पशिमना, गलैंचा, गार्मेन्ट, कार्पेट, उलन कार्पेट।
(घ) चाउचाउ, साना ट्रान्स्फर्मर, आइरन स्टील, जस्तापाता तथा ककर्टपाता।
(ङ) कागज, प्लाइउड, धागो, पोलिष्टर यार्न, जुट, तार।
(च) नेपाल राष्ट्र बैंकले तोकेका अन्य बस्तुहरु।

इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंकहरुले यस बैंक समक्ष निर्यात पुनरकर्जा माग गर्दा आफूसंग निर्यात कारोबार गरेका निर्यातकर्ताहरुमध्येबाट प्राथमिकता सूची तयार गरी Export L/C/Export Documentary Bill को आधारमा कर्जा माग गर्नुपर्ने छ।

(५) निर्यात पुनरकर्जा सुविधाको लागि आवेदन गर्ने बैंकहरुबाट माग भएको कुल रकम तथा निर्यात पुनरकर्जाको लागि यस बैंकले वार्षिक रुपमा व्यवस्था गरेको कुल बजेट रकमले खाम्ने भएमा निर्यात प्रतितपत्र/निर्यात बील रकमको बढीमा ८० प्रतिशतसम्म निर्यात पुनरकर्जा सुविधा प्रदान गर्न सकिनेछ। निर्यात पुनरकर्जाको बजेट भन्दा बढी माग भएमा प्राथमिकता सूचीका Export L/C/Export Documentary Bill लाई आधार मानी पुनरकर्जा सुविधा उपलब्ध गराइने छ।

(६) यस बैंकबाट प्रदान गरिने निर्यात पुनरकर्जाको वार्षिक व्याजदर १.५० प्रतिशत कायम गरिएको छ। बैंकहरुले यो सुविधा उपयोग गरी कर्जा प्रवाह गर्दा सम्बन्धित निर्यातकर्ता ऋणीबाट बढीमा ४.० प्रतिशतसम्ममात्र व्याज लिनुपर्ने छ।

(७) यस बैंकबाट प्रदान गरिने निर्यात पुनरकर्जा सुविधा लिएका बैंकहरुले पुनरकर्जा बापतको साँवा, व्याज एकमुष्ट भुक्तान गर्नुपर्ने छ। यस्तो कर्जाको साँवा व्याज भुक्तानी गर्ने म्याद Export L/C वापत विदेशबाट भुक्तानी प्राप्त भएको मितिले चार कार्यदिनभित्र अनिवार्यरुपमा साँवा व्याज भुक्तानी गर्नुपर्नेछ।

(८) पुनरकर्जा सुविधा भुक्तानी अवधि अघि नै भुक्तानी (Pre-payment) गर्न सकिने छ।

(९) तोकिएको अवधिभित्र पुनरकर्जाको साँवा/व्याज भुक्तानी नगरेमा सम्बन्धित बैंकले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम व्याजदर नै हर्जना व्याजदर कायम गरिनेछ। नेपाल राष्ट्र बैंकले ऋणी बैंकको कुनै पनि खाता खर्च (Debit) गरी बाँकी रकम असुल उपर गर्नेछ।

(१०) निर्यात पुनरकर्जा सुविधाको धितो सुरक्षणस्वरुप इजाजतपत्रप्राप्त बैंकले प्रत्येक पुनरकर्जाको लागि आफूले निर्यात कर्जा प्रवाह गरी पुनरकर्जाको लागि योग्य भनी प्रमाणित गरिएको Export L/C/Export Documentary Bill को सम्बन्धित

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बैंकबाट प्रमाणित प्रतिलिपि र बैंकले पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुकलाई लिइनेछ ।

(११) सहवित्तीयकरण अन्तर्गत प्रवाह भएका निर्यात कर्जाहरुको हकमा अगुवा (Lead) बैंक मार्फत यस निर्देशनको अधिनमा रही निर्यात पुनरकर्जा सुविधाका लागि अनुरोध गर्न सकिने छ ।

(१२) चालू आ.व.२०६६/६७ मा निर्यात पुनरकर्जाको लागि रु. एक अर्वको बजेट सीमा निर्धारण गरिएको छ । निर्यात पुनरकर्जाको लागि माग बढी भएको अवस्थामा हाललाई प्रति ऋणी तथा क्षेत्रगत अधिकतम सीमा देहायअनुसार हुने तथा प्राथमिकताका आधारमा समानुपातिक ढंगबाट पुनरकर्जाको व्यवस्था गरिनेछ । यस सुविधा अन्तर्गत प्रवाह गरिने कर्जाको न्यूनतम रकम रु. एक लाख र सो रकमले भाग जाने रकम बराबर हुनेछ ।

| क्षेत्र | क्षेत्रगत वजेट सीमा | प्रति ऋणी अधिकतम सीमा |
|---|---|---|
| जम्मा निर्यात पुनरकर्जा रकम | रु.१ अर्व | |
| (क) ठूला तथा मझौला उद्योग | रु.३० करोड | रु.३ करोड |
| (ख) घरेलु तथा साना उद्योग | रु.३० करोड | रु. ७५ लाख |
| (ग) कृषिजन्य उत्पादन | रु.३० करोड | रु. ७५ लाख |
| (घ) अन्य | रु.१० करोड | रु. २५ लाख |

(१४) यो व्यवस्था अन्तर्गत Export L/C खोल्ने फर्म/कम्पनी/संस्थाले अन्य व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट उत्पादित सामान खरिद गरी निर्यात गर्ने भएमा सो सामान उत्पादन गर्ने व्यक्ति/फर्म/कम्पनी/संस्थालाई पनि निर्यातकर्ता सरह (Deemed Exporter) मानिने छ तथा उक्त Deemed Exporter लाई निर्यात गरिने सामान उत्पादनको लागि बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने कर्जाको लागि पनि Export L/C खोल्ने फर्म/कम्पनी/संस्था र उत्पादक (Deemed Exporter) बीच भएको द्विपक्षीय सम्झौताको आधारमा निर्यात पुनरकर्जा सुविधा दिन सकिने छ ।

यो व्यवस्था अन्तर्गत Deemed Exporter भई उत्पादन कार्यमा संलग्न भएका व्यक्ति/फर्म/ कम्पनी/संस्थालाई प्रवाह भएको कर्जाको आधारमा निर्यात पुनरकर्जा सुविधा माग भएको अवस्थामा सोही निर्यातको लागि Exporter को रुपमा संलग्न फर्म/कम्पनी/संस्थालाई प्रवाह गरेको कर्जाको आधारमा निर्यात पुनरकर्जा सुविधा उपलब्ध गराइने छैन ।

(१५) निर्यात पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंकहरुले तोकिएको ढाँचामा निर्यात कर्जाको मासिक विवरण मसान्त समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकमा पेश गर्नुपर्नेछ । साथै यस बैंकले समय समयमा माग गरेको अन्य विवरण समेत पेश गर्नुपर्नेछ ।

(१६) Cash Against Documents (CAD) को आधारमा निकासी गर्नेको हकमा यस बैंकको विदेशी विनिमय विभागको इ.प्रा. परिपत्र संख्या ४०३ मिति २०६३।१२।११ तथा सो विषयसंग सम्बन्धित समय समयमा जारी अन्य निर्देशन बमोजिमको निर्यात कारोवार गर्न यस निर्देशनले वाधा पुऱ्याएको मानिने छैन ।

(१७) एक पटक लिएको निर्यात पुनरकर्जा माथि उल्लिखित व्यवस्था बमोजिम चुक्ता गरिसकेपछि पुनः निर्यात गर्नको लागि निर्यात पुनरकर्जा माग गर्न सकिनेछ ।

*(निर्यात पुनरकर्जा सुविधा प्राप्त गर्ने निवेदनको ढाँचा र तमसुक ढाँचाको विवरण यसैसाथ संलग्न छ ।)*

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।